# ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.
# सदस्य सुरक्षा कोष २०७६

सदस्य सुरक्षा कोष ब्यवस्था :

१. सदस्य सुरक्षा कोषको ब्यवस्था संस्थाको विनियमको दफा नं. ५४ अनुसार तथा सदस्यहरूको योगदानको आधारमा ब्यवस्था गरिएको छ ।

२. सदस्य सुरक्षा कोषमा संस्थाको नाफा भएको रकमलाई २५%, जगेडा कोष, २५% सुरक्षित पुँजी फिर्ता कोष र ५% सहकारी प्रबर्द्धन कोषमा ब्यवस्था गरि बाँकी रकमलाई १००% मानी सदस्य सुरक्षा कोषमा २.५% ब्यवस्था गरिनेछ ।

३. प्रत्येक आर्थिक बर्षमा सबै शेयर सदस्यहरूबाट रू. ५००।- सदस्य सुरक्षा कोषमा अनिवार्य जम्मा गर्नु पर्नेछ । कोषमा जम्मा भएको रकम फिर्ता हुने छैन ।

सदस्य सुरक्षा कोषको सञ्चालन वा वितरण ब्यवस्था :

१. यस संस्थाका सदस्यहरू र सदस्यहरूको परिवारहरूको दुर्घटनाबाट अपाङ्ग वा काल गति बाट मृत्य भएमा र दैविक प्रकोप जस्तै बाढी पैरो, आगलागी भएमा सदस्य र सदस्यहरूको हकवाला परिवारलाई कोषबाट तल उल्लेखित अनुसार नगद सहयोग प्रदान गरिने छ ।
   - १ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. ५,०००।-
   - २ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. ६,०००।-
   - ३ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. ७,००० ।-
   - ४ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. ८,००० ।-
   - ५ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. १०,००० ।-

२. यस संस्थाका सदस्यहरू जो ज्योतिदय बचत खाता संचालन गरेका सदस्यहरूको हकमा सदस्यहरू र सदस्यहरूको परिवारहरूको दुर्घटन( ाबाट अपाङ्ग वा काल गति बाट मृत्य भएमा र दैविक प्रकोप जस्तै बाढी, पहिरो, आगलागी भएमा सदस्य र सदस्यहरूको हकवाला परिवारलाई कोषबाट तल उल्लेखित अनुसार नगद सहयोग प्रदान गरिने छ ।
   - १ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएका रू. १०,०००।-
   - २ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएका सदस्यको हकमा रू. ११,०००।-
   - ३ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. १२,००० ।-
   - ४ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. १३,००० ।-
   - ५ वर्ष सदस्य सुरक्षा कोषमा आवद्ध भएकालाई रू. १५,००० ।-

३. एकै परिवारका सबै सदस्यले यो सुविधा प्राप्त गर्नेछ । सदस्यहरूको आफ्नै परिवार भन्नाले पुरुष सदस्यको हकमा आमा, बाबु, श्रीमती, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री तथा महिला सदस्यको हकमा श्रीमान्, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, सासु, ससुरालाई सम्झनु पर्नेछ ।

४. संस्थाको कोषमा रकम नभएमा संस्थाको अन्य खर्चबाट सहयोग प्रदान गरिनेछ ।

५. भुकम्प तथा अन्य माहामारी आएको अवस्थामा यो सुविधा लागु हुने छैन तर संस्थाले अवस्था हेरि निर्णय गर्नेछ ।

६. सदस्य सुरक्षा कोषबाट नगद वितरण गरिएको सबै संचालक समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

७. महिला सदस्यहरूको हकमा सुत्केरी खर्च रू. २,०००।- प्रदान गर्नेछ । यो सुविधा सदस्यले जीवनमा एक पटक मात्र प्राप्त गर्नेछ ।

८. नियमित रुपमा ज्योतिदय बचत र सदस्य सुरक्षा कोषमा आवद्ध नभएकालाई संस्थाबाट सहयोग हुने छैन ।

९. यस सदस्य सुरक्षा कोषमा योगदान गरिएको रकम फिर्ता हुने छैन ।

१०. एकै परिवारका सबै सदस्यले यो सुविधा प्राप्त गर्नेछ ।

११. महिला सदस्यहरूको हकमा सुत्केरी खर्च रू. २,०००।- प्रदान गर्नेछ । यो सुविधा सदस्यले एकपटक मात्र प्राप्त गर्नेछ ।

नोट : सदस्य सुरक्षाकोषमा पहिलो वर्ष आवद्ध भएका शेयर सदस्यहरुको रू. ५० हजार र दोस्रो-पाँचौं वर्षसम्म आवद्ध भएका शेयर सदस्यहरुको रू. १ लाख को नि:शुल्क दुर्घटना बीमा गरिनेछ ।

थप जानकारीका लागि :

**ज्योतिदय बचत तथा ऋण सहकारी संस्था लि.**

गोदावरी-११, चापागाउँ, ल.पु., फोन नं. ५५७१४४२